नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार)
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
आयोजना समन्वय इकाई

प.स. ०६५/६६
च.नं.: २०६

मितिः २०६५।८।१६

**विषयः DPCC र VICCC को गठन विधि, भूमिका, जिम्मेवारी सम्बन्धी मार्ग दर्शन -२०६५ को सम्बन्धमा।**

श्री जिल्ला प्राविधिक कार्यालय
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
जिल्ला आयोजना कार्यालयः
पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौं, भक्तपुर, ललितपुर, चितवन, मनाङ, पर्वत, मुस्ताङ, रुकुम, रोल्पा र डडेलधुरा।

उपर्युक्त सम्वन्धमा ग्रामीण पुन निर्माण तथा पुनस्थापना आयोजना सञ्चालन /कार्यान्वयन गर्नको लागि जिल्लास्तरमा जिल्ला आयोजना समन्वय समिति (DPCC) (पेज १८, अनुच्छेद ८३, RRP) र गा.वि.स. स्तरमा गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (VICCC) (पेज १९, अनुच्छेद ८४, RRP) को स्थापना/गठन गरिने प्रावधान भएको अवगतै भएकै होला। उपरोक्त अनुसारका समितिहरुको गठन विधि, भूमिका तथा जिम्मेवारी सम्वन्धि मार्गदर्शन -२०६५ यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारी गराउँदै सो अनुसार गर्न गराउन हुन अनुरोध छ।

ठाकुर राज पन्त
सिनियर डिभिजनल ईन्जिनियर

वोधार्थ : श्री जिल्ला विकास समितिको कार्यालयः
पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौं, भक्तपुर, ललितपुर, चितवन, मनाङ, पर्वत, मुस्ताङ, रुकुम, रोल्पा र डडेलधुरा।

फोनः ५५४३१९७, ५०००१२८ (डाइरेक्ट), ५५५५००१, ५५४६३५५ (एक्स्टेन्शन- २०५, २०७, २०८), फ्याक्सः ५००००००७
Website: www.dolidar.gov.np, E-mail: rrrsdp@dolidar.gov.np

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP)
# आयोजना समन्वय इकाई

## जिल्ला आयोजना समन्वय समिति (District Project Coordination Committee) को गठन (Formation), भूमिका (Roles) तथा जिम्मेवारी (Responsibilities) सम्बन्धी मार्गदर्शन - २०६५

### १. पृष्ठभूमि (Background):

RRRSDP को RRP बमोजिम जिल्ला तहमा आयोजना (Project) कार्यान्वयन (Implementation) गर्ने निकाय जि.वि.स. (DDC) हो । आयोजनाको प्राविधिक तथा व्यवस्थापनमा सम्बन्धित जिल्लाको जिल्ला प्राविधिक कार्यालय (DTO) जिम्मेवार हुनेछ । प्रत्येक जिल्लामा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला आयोजना समन्वय समिति (District Project Coordination Committee) को स्थापना/गठन गर्नुपर्ने व्यवस्था रहेको छ । DPCC को जिम्मेवारी एवं कार्यहरुमा (क) जिल्लाभित्रका सम्बन्धित Line Agencies, गै.स.स. र नागरिक समाजलाई समन्वय गर्ने । (ख) जिल्लास्तरीय नीति, निर्देशनहरु दिने । (ग) आयोजना कार्यान्वयनको क्रममा उठेका जिल्ला स्तरीय विवादहरुको समाधान गर्ने । (घ) आयोजनाको बारेमा उठेका गुनासाहरुलाई समाधान गर्ने (पेज १८, RRP) आदि पर्दछन् ।

### २. गठन (Formation) विधि:

DPCC गठन गर्दा सकेसम्म सामाजिक तथा लैङ्गिक हिसाबले समावेशी चरित्रको हुनुपर्ने, जिल्ला भित्रको समग्र क्षेत्रको प्रतिनिधित्व जस्तैः लाभान्वित समूह, नागरिक समाज, महिला, पिछडिएका जात, सेवा सुविधाबाट विमुख समूह, सामाजिक कार्यकर्ता आदिको प्रतिनिधित्व भएको हुनु पर्नेछ । DPCC मा तपसिल बमोजिमका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (१) | जिल्ला विकास समितिको सभापति | - अध्यक्ष |
| (२) | जिल्ला विकास समितिको उपसभापति | - उपाध्यक्ष |
| (३) | अध्यक्ष, विषयगत समिति, भौतिक पूर्वाधार विकास समिति<br>(स्थानीय स्वायत्त शासन नियमावली, २०५६ भाग १९३) | - सदस्य |
| (४) | जि.वि.स.महिला सदस्य (जि.वि.स.ले मनोनयन गर्नु पर्ने) | - सदस्य |
| (५) | स्थानीय विकास अधिकारी | - सदस्य |
| (६) | प्रतिनिधि (अधिकृत स्तर), जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (७) | प्रतिनिधि (अधिकृत स्तर), जिल्ला मालपोत कार्यालय | - सदस्य |

(८) प्रतिनिधि (सम्भव भएसम्म अधिकृत स्तर), जिल्ला नापी शाखा - सदस्य

(९) प्रतिनिधि, महिला विकास अधिकृत, महिला विकास कार्यालय - सदस्य

(१०) प्रतिनिधि (अधिकृत स्तर), जिल्ला वन कार्यालय - सदस्य

(११) प्रतिनिधि (अधिकृत स्तर), खानेपानी तथा सरसफाई डिभिजन/सब- डिभिजन कार्यालय - सदस्य

(१२) प्रतिनिधि (सम्भव भएसम्म अधिकृत स्तर), जिल्ला घरेलु तथा साना उद्योग कार्यालय- सदस्य

(१३) प्रतिनिधि (सम्भव भएसम्म अधिकृत स्तर), जिल्ला भूसंरक्षण कार्यालय - सदस्य

(१४) प्रतिनिधि (अधिकृत स्तर), जिल्ला कृषि विकास कार्यालय - सदस्य

(१५) प्रतिनिधि, जिल्लास्तरीय गै.स.स. महासंघ - सदस्य

(१६) प्रतिनिधि, जिल्लास्तरीय उद्योग वाणिज्य संघ - सदस्य

(१७) प्रतिनिधि, तल्लो जाती, दलित तथा विपन्न वर्गको तर्फबाट - सदस्य

(१८) प्रतिनिधिहरु, महिला विकासको क्षेत्रमा कार्य गर्ने गै.स.स.हरुबाट - सदस्य

(१९) आमन्त्रित सदस्यहरु (सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने व्यवस्थापिका -संस्दका सदस्यहरु, प्रमूख जिल्ला अधिकारी, जिल्ला स्तरीय यातायात संघको प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि आदि)

(२०) ईञ्जिनियर, जिल्ला आयोजना कार्यालय, RRRSDP - सदस्य

(२१) प्रमूख, जिल्ला प्राविधिक कार्यालय - सदस्य सचिव

## ३. भूमिका तथा जिम्मेवारीः

DPCC को निम्न जिम्मेवारी र भूमिका रहने छ :-

३.१ जिल्ला विकास सम्बन्धि बार्षिक कार्यक्रमहरु तयार गर्न तथा ग्रामीण सडक उप-आयोजनाहरु र अन्य पूरक पूर्वाधार विकासका कार्यक्रमहरु तर्जूमा, कार्यान्वयन तथा मर्मत संभार गर्ने क्रममा जि.वि.स.लाई सहयोग गर्ने तथा सल्लाह दिनेछ ।

३.२ योजनाको नियमित अनुगमन गरी सोको प्रतिवेदन तथा सो सँग सम्बन्धित राय सुझाव वा सिफारिशहरु (Recommendations) जि.वि.स. समक्ष पेश गर्नेछ ।

३.३ उप-आयोजना तथा पूरक लगानीका कार्यक्रमहरु कार्यान्वयनको समग्र Performance चेक गर्न अनुगमन भ्रमण (Monitoring Visit) सञ्चालन गर्ने ।

३.४ समूदायमा आधारित सार्वजनिक अडिट (Public Audit) को कार्यक्रममा सहभागी हुने ।

३.५ VICCs, VDCs, गुनासो व्यवस्थापन उप-समितिहरु (Grievance Redress Sub-Committees) तथा VIUGs ले समाधान गर्न नसकेका विवादहरु (Conflicts) समाधान गर्ने ।

३.६ विशिष्ट प्रकृतिका विवादहरुको हकमा समाधानको लागि DDC लाई सिफारिश गर्ने ।

३.७ ग्रामीण सडक उप-आयोजनाहरु तथा पूरक लगानीका कार्यक्रमहरुको सम्बन्धमा नियमित रुपमा जि.वि.स.लाई राय सुझाव दिने तथा सिफारिश गर्ने ।

३.८ DPCC को बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ ।

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP)
# आयोजना समन्वय इकाई

## गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (Village Infrastructure Construction Coordination Committee) को गठन, भूमिका तथा जिम्मेवारी सम्बन्धि मार्गदर्शन - २०६५

### १. पृष्ठभूमि (Background)

RRRSDP का कार्यक्रमहरु कार्यान्वयनको लागि गाउँस्तरीय पूर्वाधार निर्माण समन्वय समितिहरु (VICCCs), गाउँस्तरीय पूर्वाधार उपभोक्ता समूहहरु (VIUGs) र निर्माण समूहहरु (BGs) को गठन गर्ने RRRSDP को RRP को अनुच्छेद ८४ मा व्यवस्था गरिएको छ । DPO को निर्देशन तथा घनिष्ठ सहयोगबाट VICCC ले १) पूरक पूर्वाधार कार्यक्रमहरुको तर्जूमा गर्न समन्वय गर्ने । २) सडक निर्माण समूहहरु (RBGs) लाई उचित भुक्तानीको सुनिश्चित गर्ने । ३) पूरक लगानीका कार्यक्रमहरुमा लाभान्वित (Beneficiaries) समूहहरुको योगदान (Contribution) को सुपरिवेक्षण (Supervision) गर्ने । ४) कार्यक्रमहरुको कार्यान्वयनको अनुगमन गर्ने र ५) सार्वजनिक लेखा परीक्षणको सुनिश्चित गर्ने (RRP पेज १९, अनुच्छेद ८४) आदि कार्यहरु गर्नेछ ।

### २. गठन (Formation) विधिः

उप-आयोजना कार्यान्वयन हुने हरेक गा.वि.स.हरुमा गाउँ स्तरमा VICCC को गठन गरिनेछ । आयोजनाको कार्यक्रमहरु कार्यान्वयन हुनुभन्दा अगाडि VICCC को गठन गर्नु पर्नेछ जसमा राजनैतिक दलका प्रतिनिधिहरु, सम्बन्धित क्षेत्रमा सक्रिय गै.स.स., महिला, दलित र अन्य सेवा सुविधाका पहुँचबाट विमुख समूहहरु (Disadvantaged Groups) को प्रतिनिधित्व गराउनु पर्नेछ । ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न तथा विभिन्न जातजातीको प्रतिनिधित्वको लागि यथेष्ट प्रयास गर्नु पर्नेछ । (RRP पेज १९, अनुच्छेद ८४) । VICCC मा निम्न लिखित सदस्यहरु रहनेछन् :-

(१) गा.वि.स. अध्यक्ष - अध्यक्ष

(२) गा.वि.स. उपाध्यक्ष - उपाध्यक्ष

(३) सडक क्षेत्र (Road Corridor) मा पर्ने कुनै एक वार्डको वडाध्यक्ष - सचिव

(४) सडक क्षेत्र (Road Corridor) मा पर्ने कुनै एक वार्डको वडाध्यक्ष - कोषाध्यक्ष

*(यदि सडक क्षेत्र (Road Corridor) मा जम्मा एक वार्ड रहेको अवस्थामा कोषाध्यक्ष लाभान्वित समूहहरुको बैठकबाट छनोट गरिनेछ ।)*

(५) उक्त गाउँमा लाभान्वित समूहको रुपमा रहेका मुख्य मुख्य राजनीतिक दलहरुको

*(एउटा राजनैतिक पार्टिबाट जम्मा १ जना प्रतिनिधिका दरले ति दलहरुबाट प्रतिनिधित्व नभएमा मात्र, सम्बन्धित दलको जिल्लास्तरीय संगठनको सिफारिसको आधारमा)* प्रतिनिधि - सदस्यहरु

(६) उक्त गाउँमा कार्यरत गै.स.स.का प्रतिनिधिहरु - सदस्य

*(District Federation of NGO बाट सिफारिश भएको हुनु पर्ने)*

(७) निर्माण समूह (BG) का प्रतिनिधिहरु - सदस्य

(८) महिला, दलित, सिमान्तकृत समूह, जनजाति समूदायका प्रतिनिधिहरु - सदस्य

*(यी समूहहरुको प्रतिनिधित्व हुन नसकेको अवस्थामा मात्र)*

(९) सामाजिक कार्यकर्ताहरु तथा नागरिक समाजका प्रतिनिधिहरु - सदस्य

*(यी समूहहरुको प्रतिनिधित्व हुन नसकेको अवस्थामा मात्र)*

सि.नं. ७, ८ र ९ मा उल्लेख भएका सदस्यहरु गा.वि.स.को सिफारिसमा जि.वि.स./DPCC बाट मनोनित (Nomination) हुनु पर्नेछ । निर्वाचनबाट पूर्ति हुने पद मार्फत VICCC मा सदस्य हुने बाहेकका सदस्यहरुको हकमा पदावधी आयोजना अवधिभर हुने व्यवस्था गरिएको छ ।

## ३. <u>मूख्य मूख्य जिम्मेवारीहरुः</u>

VICCC को निम्न जिम्मेवारी र भूमिका रहनेछ :-

३.१ गाउँलेको प्रस्तावहरु परीक्षण (Assessment) र मूल्यांकनको लागि सहयोग गर्नुपर्ने र सोको लागि DPO समक्ष पेश गर्नु पर्नेछ (RRP,अनुच्छेद ८७) । जिल्ला आयोजना कार्यालय (DPO) ले ग्रामीण सडक रेखांकन गर्दा VICCC ले सिफारिश गरेका पूरक पूर्वाधारका कार्यक्रमहरुको सामाजिक, प्राविधिक, आर्थिक, वातावरणीय र पुनर्वास सम्बन्धि पक्षहरुको परीक्षण (Assessment) गरी मूल्यांकन (Scoring) गर्ने, प्राथमिकता क्रम तोक्ने र आयोजनाले लगानी गर्न पहिचान गरेको प्रस्तावित पूरक पूर्वाधारका कार्यहरुको सूचि तयार गर्ने ।

३.२ DPO ले ग्रामीण सडकको लागि निर्माण समूहहरु (BGs) र पूरक पूर्वाधारका कार्यक्रमहरुको लागि गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUGs) गठन गर्दा सहज बातावरण श्रृजना गर्न सहयोग गर्ने ।

३.३ कुनै गाउँ वा समुदायमा पूरक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्नु पूर्व जि.वि.स., सम्बन्धित गा.वि.स., गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (VICCC) र गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) का विचमा सम्झौता गर्ने गराउने ।

३.४ DPO को तर्फबाट VICCC ले सम्झौतामा प्रवेश गरी जिल्ला कार्यान्वयन सहयोग टिम (DIST) को सिफारिशमा हरेक निर्माण समूहहरु (BGs) लाई कार्य छुट्ट्याउने/वितरण गर्ने (Allocation of Works) ।

३.५ DPO को समष्टिगत सुपरिवेक्षण (Supervision) र DIST सँगको निकटतम समन्वय मार्फत VICCC ले कार्यहरु (Activities) को व्यवस्थापन तथा कार्यान्वयन गर्ने ।

३.६ स्थानीय स्तरका विवादहरु समाधान गर्ने । समाधान हुन नसकेको स्थानीय विवादहरु समाधानका लागि DPO लाई सहयोग गर्ने ।

३.७ DIST सँग सम्पर्कमा रही (In liaison) निर्माण समूहका सबै सदस्यहरुलाई भुक्तानी सुनिश्चित गर्ने । अर्ध मासिक हिसाबले (Fort Nightly Basis) पेश्की भुक्तानी दिने । भुक्तानी कारोवारहरु (Payment Transactions) सार्वजनिक पारदर्शिताको अवधारणा अनुरुप गर्ने । हरेक निर्माण समूहका सदस्यहरुलाई गरिने पेश्की भुक्तानी तथा अन्तिम भुक्तानी DIST को सिफारिश तथा DPO को स्वीकृतिमा मात्र गर्नु पर्ने ।

३.८ लाभान्वित समूहको सहभागितामा पूरक पूर्वाधारका कार्यक्रमहरुको पहिचान गर्ने । लाभान्वित समूहहरुको सहभागिता जुटाई स्वीकृत पूरक लगानीका योजनाहरु (Schemes) को तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापनमा समन्वय गरी सहजकर्ताको कार्य गर्ने ।

३.९ यसका हरेक कार्यहरुको सार्वजनिक लेखापरीक्षण (Public Audit) गर्ने कार्यको व्यवस्थापन गर्ने ।

३.१० उप-आयोजनासँग सम्बन्धित सार्वजनिक सुनुवाई (Public Hearing) को लागि VICCC ले सक्रिय सहभागिता जनाउनेछ ।

३.११ निर्माण व्यवसायीहरुले स्थानीय स्तरमा कुनै समस्या सामना गर्नु परेको खण्डमा उक्त समस्या समाधान गर्न DPO र DIST लाई सहयोग गर्ने ।

३.१२ कामदारहरु/श्रमीकहरु (Workers/Labourers) को सौहार्दपूर्ण (Decent) कार्य वातावरण सुनिश्चित गर्ने ।

३.१३ निर्माण समूहहरु (BGs) लाई परिचालन गरी वचत समूह (Saving Group) मा रुपान्तरण गर्न DIST लाई सहजकर्ताको रुपमा सहयोग गर्ने ।

३.१४ आयोजना सम्बन्धि तालीम तथा अन्य कार्यक्रमहरुमा भाग लिनेछ ।

३.१५ जिल्ला तथा आयोजना स्थलमा अध्ययन, अनुगमन, मूल्यांकन आदि उद्देश्य लिएर भ्रमणमा आउने आयोजना सम्बन्धि टिमहरुलाई सहयोग गर्ने ।